नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भक्तपुर

मिति २०७६।१२।२४

भक्तपुर जिल्लामा कोभिड-१९ महामारीको हालको अवस्था सम्बन्धमा जारी गरिएको

# प्रेस नोट

कोभिड-१९ भाइरस महामारीको सम्भावित जोखिम नियन्त्रणका लागि जारी भएको लकडाउन आदेश पालन गरी यस विषम परिस्थितिमा जिल्लाबासीले पुऱ्याउनु भएको सहयोग तथा समर्थन प्रति हार्दिक धन्यवाद दिँदै भक्तपुर जिल्लामा कोभिड १९ को प्रतिरोधको हालको अवस्थाका वारेमा सबैमा जानकारी गराउन यो प्रेस नोट जारी गरिएको छ ।

**१. क्वारेन्टाइनबाट फिर्ताः-** मिति २०७६।१२।८ गते विभिन्न देशबाट नेपाल प्रवेश गरी खरिपाटी स्थित क्वारेन्टाईनस्थलमा रहेका व्यक्तिहरुको स्वाब परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आएका ७३ जनालाई एक हप्ता घरमा सेल्फ क्वारेन्टाइन बस्ने शर्तमा आज मिति २०७६।१२।२४ गते घर फिर्ता गरिएको छ । घर फिर्ता गरिएका व्यक्तिहरु ईलाम, सुनसरी, झापा, मोरङ्ग, तेह्रथुम, धनकुटा, रौतहट, सर्लाही, बारा, सप्तरी, धनुषा, धादिङ्ग, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, चितवन, तनहुँ, स्याङजा, कास्की, नवलपरासी, कपिलबस्तु, रुपन्देही, सुर्खेत, दाङ र नेपालगञ्ज जिल्लाका रहेका हुँदा ५ वटा रुटमा बसमार्फत पठाइएको छ ।

**२. क्वारेन्टाइनमा र निगरानीमा रहेकाः -** मिति २०७६।१२।१२ गते काकडभिट्टा हुँदै नेपाल प्रवेश गरेका २३ जना ब्यक्तिहरु हाल खरिपाटी स्थित क्वारेन्टाईनस्थलमा रहेका र निजहरुको स्वाब परीक्षण गर्न पठाइएको छ । भारत लगायत तेस्रो मुलुकबाट मिति २०७६।१२।१ गते भन्दा पछाडी यस जिल्लामा आएका १३४ जनाको पहिचान भई निरन्तर निगरानीमा राखिएको छ ।नेपाल सरकारको निर्णयअनुसार सबैको स्वाव परीक्षणको तयारी सुरु गरिएको छ ।

**३. कमाण्डपोष्ट र CMC बाट समन्वयः-** प्र.जि.अ.को नेतृत्वमा सुरक्षा तथा स्वास्थ्य निकायका प्रमुखहरु रहेको कमाण्ड पोष्टले हालको अवस्था र स्थितिको सम्बन्धमा आवश्यक समन्वय, निर्देशन भइरहेको छ। कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमनगर्ने लगायत काम गर्न जिल्लास्तरीय Crisis Management Center (CMC) Bhaktapur स्थापना भई सक्रिय भएको छ ।

**४. सवारी पास अनुमति स्थगितः-** अत्यावश्यक अवस्थामा सवारी पास अनुमती जारी भइरहेकोमा संक्रमणको विस्तारलाई रोक्न एक जिल्ला तथा पालिकाबाट अर्कोमा प्रवेश गर्न रोक लगाउने निर्णय भएको हुँदा मिति २०७६।१२।२३ देखि पास जारी स्थगित गरिएको छ ।

**५. स्वास्थ्य पूर्वाधारः-** यस जिल्लामा ३ वटा क्वारेन्टाइनस्थलमा २९५ बेड, विभिन्न अस्पतालहरुमा १७ वटा भेन्टिलेटर र ८७ वटा आइसोलेसन वेड तयार रहेका छन् । संक्रमितलाई अस्पताल लैजान ४ वटा एम्बुलेन्सलाई बिशेषरुपमा Modify गरिएको छ। जिल्लाभरमा रहेका २२ वटा एम्बुलेन्सलाई आवश्यकता अनुसार Modify भइरहेको छ । स्वास्थ्य कार्यालयका प्रमुखको नेतृत्वमा Patient Receiving Team (PRT) तयार रहेको र वडाहरुमा समेत PRT सक्रिय रहेको छ ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## भक्तपुर

**६. स्वाव परीक्षणः-** हालसम्म शंकस्पद ५८ जना व्यक्तिहरुको स्वाव परीक्षण गरिएकोमा ४० जनाको रिपोर्ट नेगेटिभ भेटिएको छ, अन्यको नतिजा आउनेक्रममा रहेको छ।

**७. दैनिक उपभोग्य वस्तुः-** बजारमा खाद्यान्न, नुन, तेललगायत दैनिक उपभोग्य वस्तुको संचिति पर्याप्त रहेको छ। बिक्री वितरणलाई व्यवस्थित गर्दै संक्रमणमुक्त बनाउन र अत्यावश्यक वस्तुको अभाव हुन नदिन व्यवसायीहरुसंग निरन्तर समन्वय गर्दै सहज आपूर्तीको व्यवस्था मिलाइएको छ ।

**८. राहत वितरण र सरसफाईः-** दैनिक गुजारा गर्ने व्यक्तिलाई यस संकटको समयमा सम्बन्धित वडा कार्यालयहरुबाट राहत वितरण भइरहेको छ । टोल नगरहरुमा फोहरमैला उठाउने र व्यवस्थापन गर्ने कार्यलाई सम्बन्धित वडामार्फत सक्रियताका साथ गर्ने व्यवस्था मिलाइएको छ ।

**९. लकडाउनको पालनाः-**लकडाउनको अवधिमा घरबाहिर निस्कन नदिन सुरक्षाकर्मीहरु परिचालन गरिएको छ। लकडाउन पालना नगर्ने १३५ वटा सवारी सवारी साधन नियन्त्रणमा लिई ७३१ जना व्यक्तिलाई कारवाही भएको छ । हाल लकडाउनको पालनामा जिल्लाबासीहरुको उल्लेख्य समर्थन रहेको छ ।

कोरोना १९ बाट उत्पन्न यस विषम परिस्थितिको प्रतिरोध गर्न सबै संयन्त्र लागि परेका साथै स्वास्थ्यकर्मी, उपकरण तथा वेडहरु समेत तयारी हालतमा रहेको हुँदा नआत्तिन तर सतर्कताका साथ लकडाउनको पूर्ण परिपालन गर्दै घरभित्रै रहनुहुन सबै जिल्लाबासीहरुमा हार्दिक अनुरोध छ ।

यस अवस्थामा सबै स्थानीय तह, जनप्रतिनिधि, उद्योगी व्यवसायी, कार्यालय तथा सबै जिल्लाबासी महानुभावहरुबाट अझ बढी सहयोग र सर्मथनको अपेक्षा गर्दछौं ।

हेमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

वेभसाइटः daobhaktapur.moha.gov.np ईमेलः daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१, ६६१०९०६ 🖷६६१४६०७